नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, असार १३ गते, २०७३ साल (संख्या १२

भाग- ३

नेपाल सरकार

परराष्ट्र मन्त्रालयको सूचना

नेपाल सरकारले राहदानी नियमावली, २०६७ को नियम २६ ले दिएको अधिकार प्रयोग गरी सो नियमावलीको अनुसूची -४ को खण्ड ४ को सट्टा देहायको खण्ड ४ राखि हेरफेर गरेको छः-

" (४) विशेष प्रकारको (छिटो, द्रुत वा आकस्मिक) सेवा प्रदान गरी राहदानी जारी गर्दा देहायको दस्तुर लाग्नेछ :-

(क) आवेदन प्राप्त भएको २४ घण्टाभित्र जारी गर्दा पन्ध्र हजार रुपैयाँ ।

(ख) आवेदन प्राप्त भएको दुई कार्यदिन भित्र जारी गर्दा बाह्र हजार रुपैयाँ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) आवेदन प्राप्त भएको तीन कार्यदिन भित्र जारी गर्दा दस हजार रुपैयाँ।

(घ) दस वर्ष भन्दा कम उमेरको नावालक भए खण्ड (क), खण्ड (ख) र खण्ड (ग) बमोजिम लाग्ने दस्तुरको आधा दस्तुर ।

(ङ) राहदानी हराई आवेदन गर्नेको हकमा खण्ड (क), खण्ड (ख) र खण्ड (ग) बमोजिम लाग्ने दस्तुरमा थप पाँच हजार रुपैयाँ ।"

आज्ञाले,
शंकरदास वैरागी
नेपाल सरकारको सचिव

नेपाल सरकार

रक्षा मन्त्रालयको सूचना

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति (गठन) आदेश, २०७३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "नेपाली सैनिक विमान चार्टर उडान विकास समिति (गठन) आदेश, २०७३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "कोष' भन्नाले दफा ७ बमोजिमको कोष सम्झनु पर्छ ।

(ग) "चार्टर उडान" भन्नाले नेपाली सेनामा रहेका सैनिक जहाजहरुले विकास, उद्धार र अन्य कार्यका लागि शुल्क लिएर गरिने उडान सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(ङ) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिमको नेपाली सैनिक विमान चार्टर उडान विकास समिति सम्झनु पर्छ ।

३. समितिको गठन : (१) चार्टर उडानलाई व्यवस्थित बनाउनको लागि सैनिक विमान चार्टर उडान विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) रक्षा मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) प्रधान सेनापति, - उपाध्यक्ष

(ग) सचिव, रक्षा मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) बलाधिकृत, नेपाली सेना.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जङ्गी अड्डा - सदस्य

(च) व्यवस्था तथा युद्धकार्य महानिर्देशक, नेपाली सेना, जङ्गी अड्डा - सदस्य

(छ) महानिर्देशक, सैनिक हवाई महानिर्देशनालय - सदस्य-सचिव

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) चार्टर उडानको लागि भाडादर निर्धारण गर्ने,

(ख) चार्टर उडानको लागि नेपाली सेनामा रहेका सैनिक जहाजलाई आवश्यक खर्चको व्यवस्था मिलाउने,

(ग) चार्टर उडानलाई सेवामुलक र लाभदायी बनाई त्यसको विकास एवम् विस्तारको लागि आवश्यक कार्यहरु गर्ने,

(घ) चार्टर उडानलाई व्यवस्थित, सेवामूलक र पारदर्शी बनाउन आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

५. समितिको बैठक सम्वन्धी कार्यविधि : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौवीस घण्टा अगावै सदस्य-सचिवले बैठकको कार्यसूची सबै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितीमा उपाध्यक्षले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिको कर्मचारी सम्बन्धी व्यवस्था : समितिलाई आवश्यक पर्ने कमर्चारी नेपाली सेना, जङ्गी अड्डाले उपलब्ध गराउनेछ ।

७. समितिको कोष : (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) चार्टर उडान गरी आर्जन गरिएको पचास प्रतिशत रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(२) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट बेहोरिनेछ।

(३) कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा "क" श्रेणीको वाणिज्य बैंकमा खाता खोली राखिनेछ ।

(४) कोषको सञ्चालन सदस्य-सचिव र लेखा सम्बन्धी काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

८. लेखा र लेखा परीक्षण : (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र अरु नगदी, जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

९. उपसमिति वा कार्यदल गठन गर्न सक्ने : (१) समितिले यस आदेश बमोजिम गर्ने कामका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तथा कार्यावधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत समितिले तोके बमोजिम हुनेछ ।

१०. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य वा दफा ९ बमोजिमको उपसमिति वा कार्यदललाई प्रत्यायोजन गर्न सक्नेछ ।

96 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. वार्षिक प्रतिवेदन पेश गर्ने : समितिले वर्षभरिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र रक्षा मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१२. नेपाल सरकारसँगको सम्पर्क : समितिले नेपाल सरकारसँग सम्पर्क गर्दा रक्षा मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

१३. समितिको कार्यालय : समितिको कार्यालय नेपाली सेनाको सैनिक हवाई महानिर्देशालयमा रहनेछ ।

१४. कार्यविधि बनाउन सक्ने : चार्टर उडानलाई व्यवस्थित, सेवामूलक र पारदर्शी बनाउन समितिले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

१५. खारेजी र बचाउ : (१) शाही नेपाली सैनिक विमान सेवा व्यापारिक उडान विकास समिति (गठन) आदेश, २०३६ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिबाट भए गरेका काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

तोयानाथ अधिकारी

सह-सचिव

मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मुल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।